डाक्नेश्वरी नगरपालिका
Dakneshwori Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पातो, सप्तरी
Pato, Saptari

Website: dakneshworimun.gov.np
Email: info@dakneshworimun.gov.np
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

# सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०२/२४)**

यस डाक्नेश्वरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा तपसिलका पदहरूमा खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न अनुसारका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात सहित दरखास्त पेश गर्न नगर कार्यपालिकाको मिति २०८१।०२।०१ र २०८१।०२।१८ गतेको निर्णय बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०५-२०८०/०८१ | कानून अधिकृत | छैठौं | १ (एक) | - कानून विषयमा स्नातक उत्तीर्ण<br>- कम्प्यूटर सम्बन्धी आधारभूत तालिम लिएको |
| २ | ०६-२०८०/०८१ | खानेपानी निरीक्षक | पाँचौ | १ (एक) | - +2 वा सो सरह उत्तीर्ण<br>- खानेपानी जाँच सम्बन्धी तालिम लिएको |
| ३ | ०७-२०८०/०८१ | कानून सहायक | चौथो | १ (एक) | - एस.ई.ई. वा सो सरह उत्तीर्ण<br>- कम्प्यूटर सम्बन्धी आधारभूत तालिम लिएको |
| ४ | ०८-२०८०/०८१ | सहायक कम्प्यूटर अपरेटर | चौथो | ८ (आठ) | संघीय लोक सेवा आयोगले तोकेको योग्यता |
| ५ | ०९-२०८०/०८१ | खेलकुद प्रशिक्षक | चौथो | १ (एक) | - एस.ई.ई. वा सो सरह उत्तीर्ण<br>- खेलकुद प्रशिक्षण सम्बन्धि तालिम लिएको |
| ६ | १०-२०८०/०८१ | अमिन | चौथो | १ (एक) | - एस.ई.ई. वा सो सरह उत्तीर्ण<br>- सि.टि.ई.भिटी. को प्रमाणपत्र<br>- कम्प्यूटर सम्बन्धी आधारभूत तालिम लिएको |
| ७ | ११-२०८०/०८१ | सी.एम.ए | चौथो | १ (एक) | - एस.ई.ई. वा सो सरह उत्तीर्ण<br>- सि.टि.ई.भिटी. को प्रमाणपत्र |
| ८ | १२-२०८०/०८१ | कार्यालय सहयोगी | श्रेणी विहिन | १९ (उन्नाईस) | आठ कक्षा उत्तीर्ण |
| ९ | १३-२०८०/०८१ | स्वीपर | श्रेणी विहिन | ६ (छ) | सामान्य लेखपढ गर्न जान्ने |

१. **दरखास्त दिने स्थानः** डाक्नेश्वरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पातो, सप्तरी।

२. **दरखास्त दिने अन्तिम मितिः** २०८१/०३/०६ गते कार्यालय समय भित्र ।

३. **उमेर हदः** दरखास्त दिने अन्तिम मितिमा कानून अधिकृतको हकमा २२ वर्ष पूरा भै ४० वर्ष ननाघेको तथा खानेपानी निरीक्षक, खेलकुद प्रशिक्षक, कार्यालय सहयोगी, स्वीपरको हकमा १८ वर्ष पुरा भै ४५ वर्ष ननाघेको र कानून सहायक, सहायक कम्प्यूटर अपरेटर, अमिन, सि.एम.ए. को हकमा १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको ।

४. **आवेदन दस्तुरः** कानून अधिकृतको लागि रु. १,०००/- (एक हजार) तथा अन्य बाँकी सबै पदहरुको लागि रु. ५००/- (पाँच सय) ।

५. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा, प्रयोगात्मक र अन्तरवार्ता ।

६. **सेवा सुविधा तथा अन्यः** प्रचलित कानूनमा व्यवस्था भए बमोजिम ।

७. **आवश्यक काजगातहरुः** नागरिकता प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र तथा चारित्रिक प्रमाणपत्र, कम्प्यूटर सीप तालिमको प्रमाणपत्र र अनुभव भए सोको कागजात समेत उम्मेदवार स्वयंले प्रमाणित गरेको उल्लेखित कागजातहरूको प्रमाणित प्रतिलिपी र हालसालै खिचिएको पासपोर्ट साइजको ३ (तीन) प्रति फोटो ।

८. आवेदनको ढाँचा, सम्बन्धित पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी www.dakneshworimun.gov.np मा उपलब्ध हुनेछ ।

....................

**(कुन्दन कुमार कर्ण)**

**प्रमुख प्रशासकीय अधिकृत**